# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको

### सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिमको अख्तियार दुरूपयोग अनुसन्धान आयोग गठन गरी देहायका प्रमुख आयुक्त र आयुक्त नियुक्त गरिबक्सन मन्त्रिपरिषद्बाट सोही संविधानको धारा १३० को उपधारा (२) बमोजिम सिफारिश चढाएको व्यहोरा जाहेर हुँदा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोग गठन गरी देहाय बमोजिम प्रमुख आयुक्त र आयुक्त नियुक्त गरिबक्सेको छ ।

१. श्री जनार्दनलाल मल्लिक — प्रमुख आयुक्त
२. श्री राधारमण उपाध्याय — आयुक्त

### सूचना २

श्री ५ महाराजाधिराजका हजूरमा निर्वाचन आयुक्त श्री श्यामकृष्ण भट्टराईले स्वास्थ्य खराब भएको कारण देखाई प्रमुख निर्वाचन आयुक्त मार्फत आफ्नो पदबाट चढाएको राजीनामा जाहेर हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मौसूफबाट स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

६५६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।